मधेश प्रदेश सरकार

## गृह, सञ्चार तथा कानून मन्त्रालय

जनकपुरधाम

# सूचना

(मिडिया काउन्सिल सदस्य पदमा दरखास्त आह्वान सम्बन्धी सूचना)

**प्रथम पटक प्रकाशित मिति: २०८३/०३/२३**

प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ बमोजिम गठन भएको मधेश प्रदेश मिडिया काउन्सिलमा रिक्त रहेको सदस्य पदमा नियुक्तिका लागि प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा २९ को उपदफा (१) को खण्ड (ख) र प्रदेश सञ्चार (पहिलो संशोधन) नियमावली, २०७७ को नियम ३५ बमोजिम तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न शर्त तथा योग्यता पूरा गरी दरखास्त दिन आह्वान गरिन्छ:

**१. रिक्त पद विवरण:**

- सदस्य पद संख्या : १ (एक) जना

**२. आवश्यक योग्यता तथा अनुभव:**

- नेपाली नागरिक भएको,
- पैंतिस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको,
- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको,
- कुनै पनि सञ्चार माध्यममा कम्तीमा पाँच वर्ष पत्रकारिताको अनुभव हासिल गरेको वा सञ्चार माध्यमका प्रकाशक, सञ्चालकको रूपमा कार्य गरेको वा विशिष्ट योगदान सम्बन्धमा स्पष्ट खुल्ने कम्तिमा ५ वटा योगदान खुलाई निवेदन दिनु पर्ने,
- नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,
- नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
- उच्च नैतिक चरित्र भएको ।

**३. पेश गर्नुपर्ने कागजातहरू:**

- दरखास्त फाराम (निवेदन),
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि,
- कार्य अनुभवको प्रमाणपत्र,
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।

**४. दरखास्त दिने अन्तिम मिति र समय:**

- २०८३/०४/०५ गते, कार्यालय समय (बिहान ०९:०० देखि साँझ ५:०० बजेसम्म)

**५. दरखास्त बुझाउने ठेगाना:**

- गृह, सञ्चार तथा कानून मन्त्रालय, जनकपुरधाम

तोकिएको समयावधिभित्र दरखास्त नआएमा वा माग गरिएको योग्यता नपुगेमा सो दरखास्त उपर कुनै कारबाही गरिने छैन। थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

..............................

राधेशंकर प्रसाद पाल

सूचना अधिकारी